बैठक नं. ४०

आज मिति २०८० कार्तिक २३ गते, विहीबार प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. प्रमुख प्रशासकीय अधिकृत श्री विजय कुमार शर्मा

**विषयहरु :**

१. चिनीयाँ प्रतिनिधि मण्डल भ्रमण सम्बन्धमा ।

२. समिति निर्णय अनुमोदन सम्बन्धमा ।

३. विविध ।

**निर्णयहरु :-**

१. चिनीयाँ कम्युनिष्ट पार्टीका तिब्बत प्रान्तका पार्टी सचिव श्री वाङ चुङचेङको नेतृत्वमा भक्तपुर भ्रमणमा आउनु हुने प्रतिनिधि मण्डललाई निम्न मिति र समयमा भक्तपुर दरवार क्षेत्र खौमा ध्वाकामा सांस्कृतिक झांकीसहित स्वागत गर्ने निर्णय गरियो :

**कार्यक्रम :**
मिति : २०८० कार्तिक २६ गते , आइतबार
समय : विहान ९:३० बजे

२. यस नगरपालिकाको देहायका विभिन्न समितिहरुको निम्न निर्णयहरु अनुमोदन गरियो :

**क. युवा तथा खेलकुद समिति :**

मिति २०८०।६।२९ गते बसेको युवा तथा खेलकुद समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. भक्तपुर नगरपालिकाको आयोजनामा २०८० कार्तिक १७ देखि २२ गतेसम्म भक्तपुर नगरभित्रका संस्थागत एवम् सामुदायिक विद्यालयका खेलकुद शिक्षक/शिक्षिकाहरुलाई प्रशिक्षक प्रशिक्षण तालिम सचालन गर्ने र उक्त तालिमको लागि रु. ६,००,०००।- (अक्षेरुपी रु.छ लाख) अनुमानित बजेट पेश गर्ने तथा उक्त रकम समितिका सदस्य सचिव श्री कृष्ण गोविन्द सुवाललाई पेश्की लिन लगाउने निर्णय गरियो ।

मिति २०८०।७।१४ गते बसेको युवा तथा खेलकुद समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. भक्तपुर नगरपालिकाको आयोजनामा २०८० कार्तिक १७ देखि २४ गतेसम्म भएको भक्तपुर नगरभित्रका संस्थागत एवम् सामुदायिक विद्यालयका खेलकुद शिक्षक/शिक्षिकाहरुलाई विभिन्न खेलका प्रशिक्षक भई तालिम दिनु भएका प्रशिक्षकहरुलाई प्रति कक्षा कर बाहेक रु २,५००।- (अक्षेरुपी रु. दुई हजार पाँच सय) पारिश्रमिक दिने निर्णय गरियो ।

**<u>ख. महिला बालबालिका तथा समाज कल्याण समिति</u>**

**मिति २०८०।७।१६ गते बसेको महिला बालबालिका तथा समाज कल्याण समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :**

१. भ.न.पा.द्वारा संचालन भइरहेको ४ महिने पाक शिक्षा तालिममा सहभागी प्रशिक्षार्थीहरुको संख्यालाई मध्येनजर गरी मासिक रु.२५,०००।- पारिश्रमिक दिने निर्णय भएकोमा प्रशिक्षार्थीहरुको संख्या बढी भएको हुंदा संशोधन गरी एउटै समूहमा नसकिने भएकोले दुई वटा समूहमा विभाजन गरी पहिलो समूह विहान ६:०० देखि ८:०० बजेसम्म र दोश्रो समूह विहान ८:०० बजेदेखि १०:०० बजेसम्म संचालन गर्ने व्यवस्था मिलाएको हुंदा दैनिक ४ घण्टाको प्रशिक्षण प्रदान गर्ने प्रति प्रशिक्षक मासिक रु. ३५,०००।- पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

**<u>ग. अपांगता भएका व्यक्तिहरुको परिचय पत्र वितरण सम्बन्धी अस्थायी समन्वय समिति</u>**

मिति २०८०।७।२० गते बसेको **अपांगता भएका व्यक्तिहरुको परिचय पत्र वितरण सम्बन्धी अस्थायी समन्वय समिति**को निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

१. ३२ औं अन्तर्राष्ट्रिय अपांगता दिवसको अवसरमा भनपा क्षेत्रका अपांगता भएका व्यक्तिहरुको वृहत्त भेला र स्वास्थ्य शिविर तथा अतिरिक्त क्रियाकलाप घैंटो फुटाउने खेल, चित्रकला र बास्केट बल खेल प्रदर्शनी सहित कार्यक्रम गर्ने निर्णय गरियो ।

**<u>घ. वातावरण तथा पर्यटन समिति</u>**

**मिति २०८०।६।२९ गते बसेको वातावरण तथा पर्यटन समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :**

१. फोहर मैला संकलन गर्न घरदैलो गल्ली र सडकमा फोहर संकलन गर्न इलेक्ट्रिकल सवारी साधन (ट्याम्पु) ५ थान खरिद गर्न प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**<u>ङ. आर्थिक तथा लेखा समिति</u>**

**मिति २०८०।७।२३ गते बसेको वातावरण तथा पर्यटन समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :**

१. भक्तपुर नगरपालिकाभित्र संचालित सहकारी संस्थाका कर्मचारीहरूलाई (Nepal Financial Reporting Standars) NFRS सम्बन्धी तालिम संचालन गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिका वडा नं. १ स्थित सल्लाघारीमा संचालन भएको श्री जय भबानी बचत तथा □ण सहकारी संस्था लि. का बचतकर्ताहरूबाट श्री जय भबानी बचत तथा □ण सहकारी संस्थाबाट बचत रकम फिर्ता नदिएको भनी निवेदन पर्न आएको र सो सम्बन्धमा मिति २०८०।४।२६ गते शुक्रबार भक्तपुर नगरपालिका आर्थिक तथा लेखा समिति, सहकारी अनुगमन समितिका पदाधिकारीहरू, सहकारी संचालकका पदाधिकारीहरू र पीडितहरूवीच समस्या समाधानको विषयमा छलफल भई ४ बटा बुंदामा सहमति भएकोमा संचालक समितिका पदाधिकारीहरूबाट सहमति भएको कुनै पनि विषयमा पहलकदमी नलिई सबैलाई झुक्याउने कार्य मात्र गरेको हुंदा जय भबानी वचत तथा □ण सहकारी संस्थाका संचालक समिति, लेखा समितिका पदाधिकारीहरू र व्यवस्थापकको नाउंमा रहेको घर जग्गाहरू रोक्का राखी पाउं भनी पीडिहरूको तर्फबाट दर्ता नं. ४१८३ र ४२८० क्रमश: मिति २०८०।७।१२ र मिति २०८०।७।१५ गते निवेदन दर्ता गरेको हुंदा निम्न लिखित ठाउंमा रहेको निम्न लिखित जग्गाहरू रोक्का राख्न सम्बन्धित मालपोत कार्यालयमा सिफारिस गर्न कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

तपसिल

| जिल्ला | गा.वि.स.□न.पा. | वडा नं | कि.नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| भक्तपुर | सिपाडोल | ४ग | ४१५ | ६-०-०-० | नितु छुकां |
| भक्तपुर | गुण्डु | १ | ७६६ | २-१-०-० | जीवन अवाल, हरिकृष्ण बखुन्छे र गणेश कुमार सांगामी |

४. भक्तपुर नगरपालिकाभित्र संचालित सहकारी संस्थाका कर्मचारीहरूको भेला कार्यक्रम निम्न मिति, समय र स्थानमा गर्ने निर्णय गरियो । साथै सहभागीहरूलाई खाजा र चिया समेत व्यवस्था गर्ने निर्णय गरियो ।

**कार्यक्रम**

मिति: २०८०।७।२१ गते मंगलबार

समय: दिनको २:०० बजे

स्थान: भ.न.पा. सभा कक्ष, ब्यासी, भक्तपुर ।

**च.निर्माण समिति**

**मिति २०८०।०७।२० गतेको निर्माण समितिको निम्न निर्णयहरू अनुमोदन गरियो :**

| क्र.सं | योजनाका विवरण | वडा नं | बजेट शीर्षक | ल.ई.रकम | रि ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्यांकन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **क) ल.ई./रि.ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | त:मुंज्याको कार्यक्रम हुने ल्यसिंख्यमा सडक बत्ती जडान तथा मर्मत कार्य | ५ | मर्मत | १५३,५३९।३५ | | | | | | | | |
| २ | बेखाल स्वास्थ्य चौकी भवन निर्माण कार्य (तेस्रो चरण) | १० | बेखाल स्वास्थ्य चौकी भवन | ३,०६५,७७३।१४ | | | | | | | | |
| ३ | चोर्चादिखि पलिखेल गोलमढीसम्म खानेपानी पाइप बिछ्याउ खनिएको बाटो मर्मत कार्य | ७ | मर्मत | १९८,२४५।०० | | | | | | | | |
| ४ | गपली ढुंगेधारादेखि बाराही पुलसम्म सडक पीच तथा पेटी निर्माण | ४ | योजनाको बांकी भुक्तानी | २,१९२,३७८।६३ | २,१९२,३७८।६३ | | | | | | | |
| ५ | तुमचोँदुगुरेँचोखा प्लानिंग र कमलविनायक प्लानिगमा पीच मर्मत कार्य | ९, १० | योजनाको बांकी भुक्तानी | ६१६,१३५।५५ | ६१४,६४१।९७ | | | | | | | |
| **ख) उपभोक्ता समिति स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माण कार्य ( चौथो चरण) | ४ | लक्ष्मी नरसिंह मन्दिर पुन:निर्माण कार्य | ८,७७८,३०२।९३ | | | उ.स.अ. : श्री कुमार चवाल अ.स.स. : श्री पुरूषोत्तम तमखु | | | | | |
| २ | खंचा स्वास्थ्य चौकी भवन निर्माण कार्य (दोस्रो चरण) | ७ | खंचा स्वास्थ्य चौकी भवन निर्माण | ५,७२७,८७१।११ | | | उ.स.अ.:श्री राजकुमार बनमाला अ.स.स. : श्री हेरा ख्याजू | | | | | |
| १ | अरनिको सभा भवनको पूर्वतर्फको तरकारी बजारको कौसी मर्मत कार्य | ५ | मर्मत | ९८,४३२।१० | | ३०,०००।०० | ९१,०१९।३८ | ६१,०१९।३८ | ९७,८०५।०३ | सम्पन्न | रिता फसिकवा (अमानत) | |
| २ | शिशु स्याहार तथा बाल विकास केन्द्रमा सिलिंग फ्यान जडान तथा विद्युतीय मर्मत कार्य | ७ | मर्मत | ४२,०५८।०६ | | | २७,२५५।०० | २७,२५५।०० | ३८,०९५।८० | सम्पन्न | राज्य लक्ष्मी शिल्पकार (अमानत) | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | सीसीटीभी निगरानी प्रणालीको मर्मत कार्य भार्वाचोंटौमढींदत्तात्रय, ग:हिटींल्योसिंखेल र भनपा कार्यालय क्षेत्रमा) | भनपा | मर्मत | ९९,७१४।३७ | | | ७९,७६७।९४ | ७९,७६७।९४ | ८५,३१३।३१ | सम्पन्न | साइम इन्टरप्राइजेज | |
| ४ | गपली ढुंगेधारादेखि बाराही पुलसम्म सडक पीच तथा पेटी निर्माण | ४ | योजनाको बांकी भुक्तानी | २,१९२,३७८।६३ | २,१९२,३७८।६३ | ७२५,०००।०० | ९०५,७५१।०१ | १८०,७५१।०१ | ९१०,३४६।९७ | आंशिक सम्पन्न | बलराम सुवाल | |
| ५ | पर्यटक सेवा तथा पर्यटक सूचना केन्द्र, खौमा काउण्टरमा श्यानेटरी, विद्युतीय ब्याकअप प्रणाली र फर्निचर मर्मत कार्य | ३ | मर्मत | ३८१,३०३।७८ | | १२५,०००।०० | २४५,३५०।०० | १२०,३५०।०० | २८२,१५२।५० | सम्पन्न | वीर बहादुर गोरा | |
| ६ | तुमचोंदुगुरेंचोखा प्लानिंग र कमल विनायक प्लानिंगमा पीच मर्मत कार्य | ९, १० | योजनाको बांकी भुक्तानी | ६१६,१३५।५५ | ६१४,६४१।९७ | २००,०००।०० | ३२१,८८१।६० | १२१,८८१।६० | ३३७,७९९।६२ | आंशिक सम्पन्न | बाबुकाजी गोसाइ | |

३. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. भक्तपुर नगरपालिकाद्वारा संचालित बा ३ च ८६७ नं.गाडीमा फ्युल ट्यांकी बनाए वापत रु. २०३४।-, BAC 9072 नं जिपमा वाटर पम्प, फाइन बेल्ट फेरी मर्मत गरे वापत रु. ४७,१२१।- गरी कुल जम्मा रु. ४९,१५५।- जे.बि.अटो लिंक एण्ड इ.भि.चार्जिङ्ग हब प्रा.लि लाई भुक्तानी दिने निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिका कार्यालयको मोटरसाईकल नम्बर बा ३४ प ८८३३ मा हेड लाईट बल्ब, आर आर युनिट, ईन्जिन आयल फेरे वापत रु.८१७५।-, बा ३४ प ८८२० नं. मोटरसाईकलमा आवश्यक मर्मत गराए वापत रु.११,६८५।- र बा ३४ प ८६३० नं. को मोटरसाईकल सर्भिसिङ्ग गरे वापत रु.२,९७५।- गरी जम्मा रु. २२,८३५।- लक्ष्मी अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

ग. भक्तपुर नगरपालिकाद्वारा संचालित बा १ क ९०२५ नं. को बाकोहो डोजरमा आवश्यक सामान फेरे बापतको रु.१२५,९९५।- बा १ क ८१५६ नं. स्काई भाइटर चेन डोजरमा मोविल फिल्टर, इयर फिल्टर तथा अन्य सामान फेरे वापत रु. ५४,४८२।९५, बा १ ग २९४१ नं. बाको लोडरमा अगाडीको टायर ट्युव फेरे वापत रु.७२,६१४।७१ गरी जम्मा रु.२,५३,०९२।६६ हाम्रो हेभी ईकुपमेन्ट वर्कशप प्रा.लि.लाई भुक्तानी दिने निर्णय गरियो ।

घ. भक्तपुर नगरपालिकाद्वारा संचालित FAA 7286 नं. गाडीमा मोबिल फिल्टर, डिजेल फिल्टर तथा अन्य सामान फेरे बापत रु.२६,१०३।- सिद्धि गणेश मोटर पार्टस्लाई भुक्तानी दिने निर्णय गरियो ।

ङ. भक्तपुर नगरपालिकाद्वारा संचालित बा १ क ९०२५ नं. को बाकोहो डोजरमा टायर रड र पंचर बनाए वापत रु.५,५००।- आश भक्त वंशमणीलाई भुक्तानी दिने निर्णय गरियो ।

च. भक्तपुर नगरपालिका कार्यालयको बा ३४ प ८८२४ नम्बरको मोटरसाईकलमा ब्याट्री र हर्न फेरे वापत रु.३,४५०।- एन.जे मोटरसाईकल वर्कशप (कृष्ण गोविन्द सुवाल) लाई भुक्तानी दिने निर्णय गरियो ।

छ. मिति २०८०।०६।१० गते विश्व पर्यटन दिवस-२०८० को अवसरमा गुन्हिपुन्हि सापारु - २०८० मा प्रदर्शन गरिएका सांस्कृतिक विधाका विजयी समूहहरुलाई पुरस्कार वितरण तथा सम्मान कार्यक्रममा मञ्च व्यवस्थापन गर्नु हुने कर्मचारीहरुलाई खानाको व्यवस्था गरे वापत रु.१९,७७५।- सुर्यविनायक पार्टी भेनुलाई भुक्तानी दिने निर्णय गरियो ।

ज. मिति २०८० असोज १० गते विश्व पर्यटन दिवसको उपलक्ष्यमा आयोजित पुरस्कार वितरण कार्यक्रममा निमन्त्रित पाहुना सत्कारको लागि खानाको व्यवस्था गरे वापत रु.९६,०५०।- सिद्धि होम एण्ड रेष्टुरेन्टलाई भुक्तानी दिने निर्णय गरियो ।

झ. भक्तपुर नगरपालिका दुधपाटीस्थित नंः पुखुमा वाटर साइकलिङ्ग मिति २०८०।०७।०८गतेदेखि २०८०।०९।०७ गतेसम्मको लागि स्वीकृति दिने निर्णय गरियो ।